आमाछोदिङमो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोल्जुङबेसी, रसुवा

आमाछोदिङमो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोल्जुङवेशी रसुवा बागमती प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्त्ति गर्ने सम्बन्धी सूचना

### प्रथम पटक सूचना प्रकाशित मिति: २०८२।७।१९

बैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले आमाछोदिङमोप्पालिकामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन हुन लागिरहेको हुँदा यस कार्यक्रम अन्तर्गत पालिका भित्र सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, बैदेशिक रोजगारीसंग सम्बन्धित मुद्धामा सहयोग तथा सहजिकरण, मनोसामाजिक परामर्श सेवा मार्फत बैदेशिक रोजगारका साथै समुदायमा मानसिक समस्यामा परेका ब्यक्तिहरुको पहिचान गरी सचेतिकरण कार्यक्रम संचालन गर्नका लागि निम्न जनशक्तिको आवश्यकता परेको हुनाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट उल्लेखित पदका लागि प्रथम पटक सूचना प्रकाशन भएको मितिले **१५ (पन्ध्र) दिन भित्रमा** यस आमाछोदिङमो गाउँपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त पेश गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | विज्ञापन नं | पद | पद संख्या | योग्यता | दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (पाँचौं तह) | १ | • मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र (NHTC) बाट प्रमाणपत्र लिएकोलाई बिशेष प्राथमिकता दिईने छ।<br>• कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव ( Word , Excel, Power Point, Email, Internet आदि चलाउन सक्ने ) र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने<br>**SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:**<br>- कम्तिमा प्रविणता प्रमाण पत्र तह वा १० + २ वा सो सरह उतिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र(NHTC)बाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम व्यवस्थापन प्रणालीमा सूचिकृत भएको हुनु पर्नेछ। | रु ५००/- |
| ३ | ०२/०८२/०८३ | रिटर्नी स्वयंसेवक (आंशिक) | २ | • न्यूनतम् कक्षा ८ उतिर्ण गरी वैदेशिक रोजगारी (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>• सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। | रु २००। |

१. **कार्य अवधि**: हाललाई २०८३ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।

२. **छनोट किसिम** : *लिखित तथा अन्तर्वार्ता*।

३. **तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार।

४. **आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक आमाछोदिङमो गाउँपालिकामा स्थायी वसोवास भएका नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित आमाछोदिङमो गाउँपालिकामा पेश गर्नु पर्नेछ। **तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।**

५. **छनौट प्रक्रिया**: प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता परिक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ। रिटर्नी स्वयंसेवक को हकमा अन्तरवार्ता मात्रै हुने छ।

६. **दरखास्त दिने अन्तिम मिति :** २०८२।०८।०४ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

२०८२।७।१९

**नि. प्रमुख प्रशासकीय अधिकृत**

निमित्त प्रमुख प्रशासकीय अधिकृत

CamScanner